क.द.नं. ११०८१४/०६९/०७०

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल-राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

च.नं.
मिति २०७८/०८/१०
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
काठमाण्डौं, नेपाल
विषय : जानकारी सम्बन्धमा ।

महाशय,
उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको मिति २०७८ कार्तिक १० मा बसेको संचालक समितिको १२१ औं बैठकको निर्णय अनुसार वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा मिति २०७८ मंसिर १० गते शुक्रबारका दिन एशियन होटल, बुटवल, रुपन्देहीमा गर्ने निर्णय गरे अनुसार, निर्धारित मितिमै साधारणसभा सम्पन्न भई निम्न अनुसारका निर्णयहरु गरेको व्यहोरा जानकारी गराईन्छ ।

क) सामान्य प्रस्ताव :

१. आठौं वार्षिक साधारण सभाका लागि सन्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७७/७८ माथि छलफल गरी पारित गरेको ।
२. आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षकको प्रतिवेदनसहितको आर्थिक विवरण (वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बांडफांड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसंग सम्वद्ध अनुसूचीहरू) उपर छलफल गरी पारित गरेको ।
३. आर्थिक वर्ष २०७८/७९ का लागि पि.वाई.सी. एण्ड एसोसिएट्स की लेखा परीक्षक सि.ए. शिखा बगालालाई नियुक्त गरि निजको पारिश्रमिक तोकेको ।
४. सन्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूंजी रु.७३ करोड, १९ लाख, ५९ हजार ७६५ को ०.५२६३ प्रतिशतले हुने रु.३८,५२,४२०।- (अक्षरेपी अठतीस लाख बाउन्न हजार चार सय बिस रुपैयां मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गरेको ।

ख) विशेष प्रस्ताव :

१. सन्चालक समितिबाट प्रस्तावित चुक्ता पूंजी रु.७३ करोड, १९ लाख, ५९ हजार ७६५ को १० प्रतिशतले हुने रु.७,३१,९५,९७६।- (अक्षरेपी सात करोड एकतिस लाख पन्चानब्बे हजार नौ सय छयहत्तर रुपैयां मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गरेको ।
२. वित्तीय संस्थाको जारी पूंजी तथा चुक्ता पूंजी रु.७३ करोड, १९ लाख, ५९ हजार ७६५ बाट वृद्धि गरी जारी पूंजी तथा चुक्ता पूंजी रु.८० करोड ५१ लाख ५५ हजार ७४१ पुऱ्याएको ।
३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूंजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गरेको ।
४. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृतपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सन्चालक समितिलाई प्रदान गरेको ।
५. वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सन्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्वन गरि अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सन्चालक समितिलाई अख्तियारी प्रदान गरेको ।

ध्रुव कुमार पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
१०/०८/२०७८

केन्द्रिय कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही, सम्पर्क: ०७१-४३८५१३, ४१९०१३, ९८५७०३६१५१
Email: info@rsdcmf.com, URL: www.rsdcmf.com